नेपाल सरकार

**आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान**

सानेपा, ललितपुर ।

**लोकसेवा तयारी कक्षा सञ्चालन गर्नका लागि ईच्छुक संस्था/फर्म वा कम्पनीहरुका निम्ति मापदण्डहरुः**

क) शाखा अधिकृत ८० जना र नायव सुब्बा १२० जना गरी जम्मा २०० जना प्रशिक्षार्थीहरुलाई प्रशिक्षण दिनु पर्नेछ ।

ख) आशय पत्र दर्ता शुल्क रू. २,०००/- (अक्षरेपी रु. दुई हजार मात्र।) लाग्नेछ ।

ग) दर्ता शुल्क भुक्तानीका लागि यस प्रतिष्ठानको नगद काउन्टरको नगदी रसिद वा **राष्ट्रिय वाणिज्य बैंक** को **आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान**को नाममा रहेको खाता नम्बर ११४०१००००१४०७००१ मा जम्मा गरेको भौचर संलग्न गर्नुपर्नेछ ।

घ) शाखा अधिकृत स्तरका लागि जम्मा १३० कक्षा र नायव सुब्बाका लागि जम्मा १२० कक्षा कूल जम्मा २५० वटा कक्षाहरु सञ्चालन गर्नु पर्नेछ ।

ङ) यस कार्यक्रम अन्तरगत लोकसेवा तयारी कक्षा (शाखा अधिकृत र नायब सुब्बा) सञ्चालनका लागि रु. १८,५०,०००/- (अक्षरेपी रु. अठार लाख पचास हजार मात्र ।) भ्याट सहित यस प्रतिष्ठानले उपलब्ध गराउनेछ ।

च) प्रशिक्षकहरुको कम्तिमा पनि ५ जनाको वैयक्तिक विवरण (बायोडाटा) पेश गर्नु पर्नेछ ।

छ) कम्तिमा एउटा कक्षा कोठामा ७० देखि ८० जना विधार्थी अटाउने क्षमता भएको हुनु पर्नेछ ।

ज) संस्था/फर्म वा कम्पनीको नविकरण प्रमाण-पत्र, विधानको प्रतिलिपि, कार्यसमितिका पदाधिकारीहरुका नामावली, लेखापरिक्षण प्रतिवेदन, कर चुक्ता प्रमाण-पत्र, प्रस्ताव पेश गर्ने बारे कार्यसमितिले गरेको निर्णयको प्रतिलिपिहरु अनिवार्य रुपमा निवेदनका साथ संलग्न गर्नु पर्नेछ ।

झ) दुई वा दुई भन्दा बढी फर्म वा कम्पनी समुह, संगठन वा संयुक्त रुपमा परामर्श सेवा दिने भए ती फर्म वा कम्पनीको नाम, ठेगाना, विवरण तथा मुख्य भई काम गर्ने फर्म वा कम्पनीको नाम उल्लेख गर्नु पर्नेछ ।

ञ) प्रस्तावित कार्य सम्पन्न गर्न लाग्ने अनुमानित समय उल्लेख गर्नु पर्नेछ ।

ट) संस्था/फर्म वा कम्पनीले विगतमा कम्तिमा ५ वर्षमा गरेका समान प्रकृतिको कार्य, स्थान र उपलब्धी भए सोको विवरण उल्लेख गर्नु पर्नेछ ।

ठ) आशय पत्र पेश गर्नु पर्ने अन्तिम मिति २०७९/०७/०१ गते, मंगलबार कार्यालय समय भित्र रितपूर्वक आवेदन सहित आशय पत्र पेश गर्नु पर्नेछ ।

**फोन नं.** ०१-५१८३१६५, ५१८३१७४,

**website**: www.nfdin.gov.np **email:** mail@nfdin.gov.np

## आदिवासी जनजातिका निम्ति लोक सेवा तयारी कक्षा शाखा अधिकृत र नायब सुब्बा तह (काठमाडौको लागी) अध्यापन गराउन प्राविधिक प्रस्ताव

## २०७९

(मिति २०७९ असोज १२ गते गोरखापत्रमा प्रकाशित सूचना बमोजिम)

**लोकसेवा तयारी कक्षा सूची दर्तावाला संस्था/फर्म वा कम्पनीहरुले प्रकाशित सूचनामा लेखिएका विवरणहरु अतिरिक्त ध्यान दिनुपर्ने विषयहरु, पेश गर्नुपर्ने कागजातहरु वा शर्तहरु निम्न बमोजिम रहेका छन् ।**

(क) सम्बन्धित संस्था/फर्म वा कम्पनीहरुले शाखा अधिकृत र नायब सुब्बा तयारी कक्षा सञ्चालनको लागि प्राविधिक र आर्थिक प्रस्ताव दुवै अलग अलग खाममा राखेर एउटा खाम भित्र शिलबन्दी गरी प्रतिष्ठानमा पेश गर्नु पर्नेछ ।

(ख) प्राविधिक र आर्थिक प्रस्तावलाई ८० र २० प्रतिशतको अंकभार छनौट गरिनेछ ।

(ग) अध्यापन गराउने संघ/संस्था वा कम्पनी छनौट भएमा पहिलो किस्ता वापत ६० प्रतिशत र अन्तिम किस्ता ४० प्रतिशतको दरले भुक्तानी गरिनेछ । ठेक्का रकमको १.५ प्रतिशत अतिरिक्त कर (TDS) कट्टा गरिनेछ ।

**संस्था/फर्म वा कम्पनीले भर्नु पर्ने विवरणः**

१. प्रस्ताव पेश गर्ने संस्था/फर्म वा कम्पनीको प्रोफाईल
(नाम, ठेगाना, उद्देश्य, र हालसम्मको उपलब्धी समेत समेटिएको हुनु पर्नेछ) :

२. संस्था वा कम्पनीको भौतिक संरचनागत अवस्थाः
(क) कक्षा कोठाको संख्या ............... क्षमता .....................
(ख) अन्य सुविधाहरु (स्थान, पार्किङ, शौचालय, विधुत आपुर्ति, पुस्तकालय आदि।)
........................................................................................................ ।
(ग) कर्मचारी विवरण : .................. संख्या ..................... महिला ..................... पुरुष ।
(घ) विशेषज्ञहरुको : ....................... संख्या ...................... महिला ..................... पुरुष ।
(ङ) कम्तिमा ४ वटा विशेषज्ञको वैयक्तिक विवरण संलग्न हुनुपर्ने ।

३. संस्था/फर्म वा कम्पनीको लोकसेवा कक्षा सञ्चालनमा विगतको अनुभवको विवरण (सम्भव भएसम्म अनुभव पत्र भएकालाई प्राथमिकता दिइनेछ ।) :

४. कक्षा सञ्चालन सम्बन्धि कार्य योजना (अध्यापन गराउने, अनुगमन, मूल्याङ्कन, प्रतिवेदन पेश गर्ने सम्बन्धि) को विवरण (बेग्लै पृष्ठमा पेश गर्ने) :

५. संस्था/फर्म वा कम्पनीको जिम्मेवार व्यक्तिको नाम, थर र पद : ................................................

दस्तखत : ....................................

ठेगाना : .......................................................

फोन नं. : ..........................................

संस्था वा कम्पनीको छाप : .................................

## आदिवासी जनजातिका निम्ति लोकसेवा तयारी कक्षा

## शाखा अधिकृत र नायब सुब्बा स्तर (काठमाडौको लागी) अध्यापन गराउन आर्थिक प्रस्ताव

२०७९

| क्र.सं. | विषय | एकाई | संख्या | दर | जम्मा रू. अंकमा | रू. अक्षरमा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | अनिवार्य विषयको कक्षा सञ्चालन | वटा | | | | | |
| २. | ऐच्छिक विषयको कक्षा सञ्चालन | वटा | | | | | |
| ३. | स्टेशनरी तथा मसलन्द | | | | | | |
| | जम्मा | | | | | | |
| | संस्थागत खर्च (१०%) | जम्मा | | | | | |
| | Vat 13% | | | | | | |
| | **कूल जम्मा रू.** | | | | | | |